# आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.

# RSDC LAGHUBITTA BITTIYA SANSTHA LTD.

(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गको थोक लघुकर्जा प्रदायक राष्ट्रिय स्तरको वित्तीय संस्था)

बुटवल-१०, रुपन्देही, नेपाल, फोन नं.:-०७१-४३८५१३, ४१५०१३, ४१५०१४, वेबसाईट: www.rsdcmf.com.np, ईमेल:info@rsdcmf.com

## Interim Financial Statement

### Condensed Statement of Financial Position As on Quarter ended 30th Aswin, 2081

| Particulars | This Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| **Assets** | | |
| Cash and cash equivalents | 384,606,853 | 239,348,980 |
| Statutory Balances and Due from Nepal Rastra Bank | 29,426,597 | 55,055,277 |
| Placement with Bank and Financial Institutions | - | |
| Derivative Financial Instruments | - | - |
| Other Trading Assets | - | - |
| Loans and advances to MFIs & Co-operatives | 6,576,580,749 | 6,306,102,101 |
| Loans and advances to customers | 11,945,867 | 8,556,708 |
| Investment securities | 2,000,000 | 2,000,000 |
| Current tax assets | - | - |
| Investment property | - | - |
| Property and Equipment | 3,506,386 | 4,415,150 |
| Goodwill and Intangible assets | 553,218 | 144,640 |
| Deferred Tax Assets | 2,172,013 | 2,172,013 |
| Other assets | 18,822,760 | 16,854,943 |
| **Total Assets** | **7,029,614,442** | **6,634,649,812** |

| Particulars | This Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| **Liabilities** | | |
| Due to Bank and Financial Institutions | - | - |
| Due to Nepal Ratsra Bank | - | - |
| Derivative Financial Instrument | - | - |
| Deposits from customers | - | - |
| Borrowings | 5,708,103,514 | 5,359,331,019 |
| Current Tax Liabilities | 23,054,198 | 11,869,002 |
| Provisions | - | - |
| Deferred Tax Liabilities | - | - |
| Other liabilities | 66,523,838 | 57,239,664 |
| Debt securities issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total liabilities** | **5,797,681,550** | **5,428,439,685** |
| **Equity** | | |
| Share Capital | 944,351,065 | 944,351,065 |
| Share Premium | - | - |
| Retained Earnings | 111,829,396 | 97,328,893 |
| Reserves | 175,752,431 | 164,530,169 |
| **Total Equity** | **1,231,932,892** | **1,206,210,127** |
| **Total Liabilities and Equity** | **7,029,614,442** | **6,634,649,812** |

### Condensed Statement of Profit or loss As on Quarter ended 30th Aswin, 2081

| Particulars | 2081 Aswin End Current | | 2080 Aswin End Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Interest income | 174,205,326 | 174,205,326 | 238,963,389 | 238,963,389 |
| Interest expense | 110,123,831 | 110,123,831 | 170,846,634 | 170,846,634 |
| **Net interest income** | **64,081,495** | **64,081,495** | **68,116,754** | **68,116,754** |
| Fees and commission income | 4,039,343 | 4,039,343 | 5,717,500 | 5,717,500 |
| Fees and commission expense | 484,500 | 484,500 | 1,705,000 | 1,705,000 |
| **Net fee and commission income** | **3,554,843** | **3,554,843** | **4,012,500** | **4,012,500** |
| **Net interest and commission income** | **67,636,338** | **67,636,338** | **72,129,254** | **72,129,254** |
| Net trading income | - | - | - | - |
| Other operating income | 5,000 | 5,000 | 622,313 | 622,313 |
| **Total operating income** | **67,641,338** | **67,641,338** | **72,751,568** | **72,751,568** |
| Impairment charge/(reversal) for loans and other losses | 17,714,027 | 17,714,027 | (331,246) | (331,246) |
| **Net operating income** | **49,927,312** | **49,927,312** | **73,082,814** | **73,082,814** |
| **Operating expense** | **12,643,326** | **12,643,326** | **14,951,084** | **14,951,084** |
| Personnel expense | 10,021,814 | 10,021,814 | 12,142,030 | 12,142,030 |
| Other Operating expense | 2,050,805 | 2,050,805 | 2,630,138 | 2,630,138 |
| Depreciation and Amortisation | 570,707 | 570,707 | 178,916 | 178,916 |
| **Operating Profit** | **37,283,986** | **37,283,986** | **58,131,730** | **58,131,730** |
| Non operating Income | - | - | 117,250 | 117,250 |
| Non operating expense | - | - | - | - |
| Profit before income tax | 37,283,986 | 37,283,986 | 58,248,980 | 58,248,980 |
| Income tax expense | 11,185,196 | 11,185,196 | 17,474,694 | 17,474,694 |
| Current Tax | 11,185,196 | 11,185,196 | 17,474,694 | 17,474,694 |
| Deferred Tax | - | - | - | - |
| **Profit /(loss) for the Period** | **26,098,790** | **26,098,790** | **40,774,286** | **40,774,286** |

### Condensed Statement of Comprehensive Income

| | | | | |
|---|---|---|---|---|
| Profit for the period | 26,098,790 | 26,098,790 | 40,774,286 | 40,774,286 |
| other comprehensive income | | | | |
| **Total Comprehensive income** | **26,098,790** | **26,098,790** | **40,774,286** | **40,774,286** |
| Basis Earning per Share | 11.05% | 11.05% | 18.76% | 18.76% |
| Diluted Earning per share | 11.05% | 11.05% | 18.76% | 18.76% |
| **Profit for the period** | **26,098,790** | **26,098,790** | **40,774,286** | **40,774,286** |

### Ratios as per NRB Directive

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter (YTD) | This Quarter | Upto This Quarter (YTD) |
| Capital fund to RWA | | 17.66% | | 16.74% |
| Non-Performing loan (NPL) to total loan | | 2.57% | | 1.49% |
| Net NPL to Net Loan | | 0.96% | | 0.80% |
| Total loan loss provision to Total NPL | | 104.31% | | 231.48% |
| Cost of funds | | 8.34% | | 11.48% |
| Credit to Deposit and Borrowing Ratio | | 115.21% | | 112.91% |
| Base Rate | | 9.20% | | 11.99% |
| Interest Rate Spread | | 2.04% | | 1.62% |

### Statement of Distributable profit or loss For the Quarter Ended 30th Aswin, 2081

| | |
|---|---|
| **Net Profit for the period end of First quarter 2081/82** | **26,098,790** |
| **Appropriation** | **(6,298,485)** |
| a. General Reserve | (5,219,758) |
| b. Foreign exchange flucatation fund | |
| c. Capital redemption reserve | |
| d. Corporate social responsibility fund | (260,988) |
| e. Employees training fund | (426,257) |
| f. Client Protection Fund | (391,482) |
| g. Other | |
| **Regulatory Adjustments:** | **(5,299,806)** |
| a. Interest Receivable (-)/previous accrued interest received(+) | (5,299,806) |
| b. Short loan loss provision in accounts(-)/reversal(+) | |
| c. Short provision for possible losses on investment(-)/reversal(+) | |
| d. Short provision for possible losses on Non-Banking Assets (-)/reversal(+) | |
| e. Deferred Tax Assets recognized(-)/reveral(+) | |
| f. Goodwill recognized (-)/Impairment of Goodwill(+) | |
| g. Bargain purchase gain recognized (-)/reversal(+) | |
| h. Actuarial Loss recognized (-)/reversal(+) | |
| I. Other | |
| **Net profit for the Quarter end of Aswin 2081 available for distribution** | **14,500,499** |
| **Opening Retained Earnings as of Shrawan 01 2081** | **176,047,698** |
| **Adjustment (+/-)** | |
| **Distribution:** | **(78,718,805)** |
| Bonus Share Issued | (74,782,865) |
| Cash Dividend Paid | (3,935,940) |
| **Total Distributable Profit or (loss) as on Qtr end date 2081 Aswin** | **111,829,391** |
| **Annualized Distributable Profit/(loss) per Share (F/Y 2081/82)** | **6.14%** |

**Notes to Interim Financial Statements:**

1. Above financial statements are prepared in accordance with Nepal Financial Reporting Standard (NFRS) as per NRB directive except guideline of Expected Credit Loss (ECL) Model as required by NFRS 9.
2. Loans and Advances to MFIs & Co-operatives are presented net of loan impairments.
3. Loans and Advances to employees are presented as Loans and Advances to customers.
4. Figures have been rearranged and regrouped wherever necessary.
5. The above figures are subject to change if directed by regulatory authorities or external audit.
6. Actuarial valuation of gratuity and leave is done at external audit only.
7. The Interim Financial Statement has been updated on Our website: www.rsdcmf.com.

### (धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची -१४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित) आ.व. २०८१/८२ को प्रथम त्रैमासिक प्रतिवेदन

**१) वित्तीय विवरण :**

**क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण:**

आ. व. २०८१/०८२ को प्रथम त्रैमासिक अवधिको वासलात तथा नाफा-नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

- ❖ **सम्बन्धित पक्ष बिच भएको कारोवार सम्बन्धी विवरण:**
- ❖ ग्लोबल आइएमई बैंक लिमिटेडलाई २०८१ असोज मसान्तसम्म तिर्नुपर्ने कर्जा सापट रकम रू. ३५,७३,५१,१८४.५६ बाँकी रहेको छ ।
- ❖ ग्लोबल आइएमई बैंक लिमिटेडलाई २०८१ असोज मसान्तसम्म ब्याज बापत रू. ७३,८४,९१०.७८ भुक्तानी गरिएको छ ।

**ख) न्यूनतम रुपमा प्रमुख वित्तीय अनुपातहरु जस्तैः प्रति शेयर आम्दानी, P/E Ratio, प्रति शेयर नेटवर्थ, प्रति शेयर कुल सम्पत्तिको मूल्य, तरलता अनुपात सम्बन्धी विवरण :**

वासलातको आधारमा कम्पनीको प्रमुख वित्तीय अनुपातहरू निम्नानुसार रहेका छन् ।

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी/(नोक्सान) रू. | ११.०५ | प्रति शेयर कुल सम्पत्तिको मूल्य रू. | ७४४.३९ |
| पी/ई रेसियो | ६७.७५ | तरलता अनुपात प्रतिशत | ०.५२ |
| प्रति शेयर नेटवर्थ रू. | १३०.४५ | | |

**२) व्यावसायिक विश्लेषण :**

**क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण:**

- आ.व. २०८१/०८२ को प्रथम त्रैमासिक अवधिमा संस्थाको खुद नाफा अघिल्लो आ.व. को सोही अवधिको तुलनामा ३६ प्रतिशतले कमी भई रू. २.६० करोड रहन गएको छ । अघिल्लो आ.व. को प्रथम त्रैमासको तुलनामा यस आ.व. को सोही अवधिसम्ममा कर्जा लगानी ४ प्रतिशतले वृद्धि भई खुद कर्जा लगानी रू. ६५७.६५ करोड रहेको छ । यस अवधिमा संस्थाको समष्टिगत वित्तीय स्थिति, मौज्दात तथा तरलताको अवस्था सन्तोषजनक रहेको व्यवस्थापनको धारणा रहेको छ ।
- यस आ.व. को प्रथम त्रैमासिक अवधि सम्ममा संस्थाको आम्दानीमा वृद्धि हासिल गर्न निरन्तर प्रयासरत रहे पनि अर्थतन्त्रमा आएको मन्दी, लघुवित्त वित्तीय संस्था तथा सहकारीहरूको विरूद्धमा भैरहेको आन्दोलन आदीले कर्जा असुली गर्न चुनौतिपूर्ण रहेको यथार्थलाई स्वीकार गरी कर्जा असुली कार्यलाई उच्च प्राथमिकतामा राखिएको छ । संस्थाले आम्दानी बढाउने प्रयास भन्दा पनि संस्थालाई हालको परिस्थितिले पार्न सक्ने प्रभावको व्यवस्थापन गरी उपलब्ध श्रोत साधनको सही तवरले प्रयोग र साझेदार संस्थाहरू मार्फत विपन्न वर्गका ऋणीहरूको आवश्यकता पुरा गर्दै अपेक्षित परिणाम हासिल गर्न संस्था दृढ रहेको छ ।

**ख) आगामी अवधिको व्यावसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:**

सम्भाव्य ग्राहकहरूको पहिचान गरी गुणस्तरीय कर्जा बिस्तार गर्ने नीति संस्थाले लिएको छ । आगामी दिनमा साझेदार संस्थाका ग्राहकहरूलाई सीप तथा आयआर्जन मूलक तालिम प्रदान गरी स्वरोजगार बन्न सहयोग गर्नुका साथै साझेदार संस्थाको क्षमता अभिवृद्धिका लागि विभिन्न प्रकारका तालिम प्रदान गरिएको छ ।

संस्थाले २९ जिल्लाका ७० स्थानिय निकायमा ३ शाखा कार्यालय मार्फत सेवा प्रदान गर्दै आईरहेको छ । संस्थाको सेवा विस्तारलाई निरन्तरता दिदै, प्रविधिमा थप लगानी गर्दै जानेमा व्यवस्थापन प्रतिवद्ध रहेको जानकारी गराउन चाहन्छौ ।

**ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण:**

वित्तीय संस्थाले संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्नसक्ने अवस्थाको आँकलन गरी सो सम्बन्धमा समय/समयमा व्यवस्थापन समुहमा छलफल गरी नीति तथा निर्देशिकामा आवश्यक संशोधन गर्न सञ्चालक समितिमा पेश गर्ने गरिएको छ ।

समग्र लघुवित्त कार्यक्रममा देखिएको कर्जाको दोहोरोपनले ग्राहकको क्षमता भन्दा बढी कर्जा लगानी र यसको सदुपयोगितामा ह्रास, लघुवित्त तथा सहकारी संस्थाहरूको विरूद्धमा भैरहेको आन्दोलन आदी कारणले संस्थालाई असर पार्ने देखिन्छ । कर्जाको गुणस्तर कायम राख्न सम्पूर्ण सरोकारवाला पक्षसँग सहकार्य गरी आन्तरिक नीति तथा निर्देशिकामा आवश्यक संशोधन गरी समय सापेक्ष दुरूस्त गरिएकोले कर्जाको गुणस्तर कायम रहने कुरामा व्यवस्थापन विश्वस्त छ ।

**३) कानूनी कारवाही सम्बन्धी विवरण :**

**क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए :**

यस त्रैमासिक अवधिमा वित्तीय संस्थाले कर्जा असुलीको क्रममा कालोसूचीमा समावेश गरेको जमानतकर्ताले कालोसूचीबाट उन्मुक्ति पाउनको लागि वित्तीय संस्था विरूद्ध उच्च अदालत बिराटनगरमा "अन्तरिम आदेश सहित उत्प्रेषणयुक्त परमादेश लगायत जे जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ" भनि मुद्दा दायर गरेको ।

वित्तीय संस्थाले कर्जा असुलीका क्रममा लिईएको कानूनी उपचार बाहेक कसैको विरूद्ध मुद्दा दायर गरेको छैन ।

**ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए:**

यस संस्थाका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरूद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी छैन ।

**ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए:**

यस संस्थाका संस्थापक वा संचालक विरूद्ध आर्थिक अपराध गरेको सम्बन्धमा मुद्दा दायर भएको जानकारी छैन ।

**४) संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

**(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा:**

शेयर कारोबारमा हुने उतार चढाव खुला बजारले निर्धारण गर्ने हुनाले सोही मूल्यमान्यता अनुरूप वित्तीय संस्थाको शेयरको कारोबार हुने गरेको व्यवस्थापनको धारणा रहेको छ ।

**(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या :**

यस त्रैमासको अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोबार संख्या नेपाल स्टक एक्सचेन्ज लि.को वेबसाइट अनुसार निम्न बमोजिम रहेको छ ।

| | | | | | |
|---|---|---|---|---|---|
| अधिकतम मूल्य रू. | ८९० | अन्तिम मूल्य रू. | ७४९ | न्यूनतम मूल्य रू. | ६५० |
| कारोबार भएको कूल दिन | ५७ | कारोवार संख्या | ११,१३१ | शेयर कारोवार (कित्ता) | १९,१०,३५१ |

**५) समस्या तथा चुनौती :**

**आन्तरिक समस्या तथा चुनौती:**

बैंकिङ्ग क्षेत्रमा देखा पर्ने तरलताको अस्थिर अवस्था, बाह्य कर्जाको ब्याजदरमा हुने उतारचढाव, साझेदार संस्थाहरूको भौगोलिक अवस्थिति, सहकारी तथा लघुवित्तका सदस्यहरूमा वित्तीय साक्षरताको कमी, सदस्यहरूको बहुकर्जा उपभोग गर्ने बानी तथा कर्जा नतिर्ने प्रवृत्ति ।

**बाह्य समस्या तथा चुनौती:**

सघन व्यावसायिक प्रतिस्पर्धा, अधिक कर्जा प्रवाह, यातायात तथा सञ्चार पूर्वाधारको कमी, वित्तीय/सहकारीको क्षेत्रमा हुने नीतिगत परिवर्तन, नियामक निकायले लघुवित्त व्यवस्थापन तथा सञ्चालन सम्बन्धमा लिने नीति, सहकारी तथा लघुवित्त विरूद्धमा देखिएका गतिविधिहरू आदि ।

**रणनीति:**

मुख्यतया ग्रामीण क्षेत्रमा अवस्थित सामुदायिक सहकारी संस्थाहरूको साथै नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त लघुवित्त वित्तीय संस्थाहरूमा समेत सेवा विस्तार गरी अग्रणी थोक लघुकर्जा प्रदायक संस्थाको रूपमा स्थापित गर्नका लागि आगामी दिनहरूमा निम्नानुसारका रणनीतिहरू अवलम्बन गरिनेछ ।

- ➢ वित्तीय संस्थाले प्रवाह गर्ने सेवामा विविधीकरण गरी अझ प्रभावकारी बनाउदै लैजाने ।
- ➢ शाखा सञ्जालको प्रभावकारी परिचालन ।
- ➢ अन्य बैंक/वित्तीय संस्थाहरूसंगको सम्बन्धलाई मजबूत बनाई आवश्यक वित्तीय स्रोत व्यवस्थापन गर्ने ।
- ➢ साझेदार संस्थाहरूको गुणस्तर तथा संस्थागत क्षमता अभिवृद्धि गरी कर्जामा निहित जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्ने ।
- ➢ वित्तीय संस्थाको समग्र संस्थागत क्षमता अभिवृद्धि गर्दै सूचना प्रणालीको प्रयोगमा जोड दिने ।

**६) संस्थागत सुशासन :**

**संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनद्वारा चालिएका कदम सम्बन्धी विवरण:**

क) सञ्चालक समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति दायित्व समिति, सम्पत्ति शुद्धीकरण अनुगमन समिति लगायत विभिन्न समितिहरू क्रियाशिल रहेका छन् ।

ख) आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न आन्तरिक लेखापरीक्षक नियुक्त गरी त्रैमासिक रूपमा लेखापरीक्षण गराई प्रतिवेदनमा दिईएका सुझावहरू कार्यान्वयन तथा समिक्षा गर्न लेखापरीक्षण समितिको बैठक नियमित बसी व्यवस्थापनलाई आवश्यक निर्देशन दिने गरेको छ ।

ग) सञ्चालन जोखिम कम गर्न तथा कारोबारहरू व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति, नियम तथा निर्देशिकाहरू तर्जुमा गरी लागु गरिएको छ ।

घ) संस्थागत सुशासन कायम गर्न कर्मचारीहरूले पालना गर्नुपर्ने आचार संहिताको नियमित अनुगमन गर्ने गरिएको छ ।

**७) सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उदघोषण :**

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् । लगानीकर्ताहरू सू-सूचित गर्न र निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाईएको छैन ।